# *निर्धक्क उसलाई बलात्कार गरौं*

*-यादव थपलिया*

भूगोलको
कुनै साँघुरो चौबाटोमा
देशनामी लाचार छायाँ बोकेर
निर्वस्त्र उभिएकी छ एउटी कुमारी ।

वलिष्ठ पुरुषको
सिकार आलिंगनको
रोमाञ्चक धङधडी बोकेर
भर्खर बलात्कृत कुमारी
कुनै अर्को स्वाभाविक बलात्कारको
रोमाञ्चक
प्रतीक्षामा छे-
आउनुस् महोदय !
उसलाई निर्धक्क बलात्कार गर्नुस्
किनभने, उसको आफ्नै आवाज छैन
अरूको आवाजले चिच्याउँदा
उसलाई कसैले सुन्दैनन्
आउनुस्- उसको पुल्ठो बजाउनुस्
आउनुस्- उसको स्तन निमोठ्नुस्
आउनुस्- उसको कपाल लुछ्नुस्
र यौवनको समाधिमा लीन गराए
एउटा भीषण युद्ध छेड्नुस्
निर्धक्क उसलाई बलात्कार गर्नुस् ।

ऊ पराधीन माग्दिन
त्यसैले उसले पराधीन हुनैपर्छ
ऊ बलात्कार चाहन्न
त्यसैले ऊ बलात्कृत हुनैपर्छ
किनभने, उसको आफ्नै  पुरुष छैन
किनभने, उसको आफ्नै इच्छा छैन
किनभने, उसको आफ्नै अंग छैन ।

उसलाई छिमेकी मनपरी गरिरहन्छ
र, भन्छ- निर्वस्त्र उसको सुरक्षार्थ
छिमेकी मित्र अहोरात्र जागा छ
उसलाई छिमेकी दिनहुँ बलात्कार गर्छ
र, भन्छ- आवाजहीन उसका निम्ति
मित्र छिमेकीले आफ्नै आवाज
भाडामा दिनुपरेको छ ।
सुरक्षा र भाडा बदला
उसले बलात्कार नगरी धरै छैन
र, यसबीचमा उसले थुप्रैपटक बलात्कार गरेको छ ।

किनभने,
निर्वस्त्र कुमारीको आफ्नै सीमा छैन
र, पनि ऊ कतै छाडा भाग्दिन
किनभने, उसको कुनै नक्सा छैन
र, पनि ऊ कहिल्यै तपाईंसँग
नक्सा माग्ने लोभ गर्दिन
आखिर केका निम्ति मागोस् नक्सा !
उसको आफ्नै राजनीति पनि त छैन
उसको आफ्नै राज्य पनि त छैन
त्यसैले ऊ सधैं इच्छाहीन रहन्छे
र, तपाईंका निम्ति बलात्कृत हुन्छे
आउनुस्, महोदय !!!
स्वदेशबाट आउनुस्
विदेशबाट आउनुस्
भारत, बेलायत, अमेरिका, फ्रान्स
अझ टाढा-टाढाबाट आउनुस्
उसको नीला भावना कोपर्नुस्
र, बदलामा उसलाई मनपरी भोग्नुस्
उसका अग्ला हिमाल, ताल, जंगल
र सग्ला नितम्बमाथि
जथाभावी कोपर्नुस् र केही बाँकी नराख्नुस्
उसलाई रित्याउनुस्
बदलामा बलात्कारको धङधडी छाडिदिनुस्
हिजो-अस्ति-झन्अस्तिका
नामर्द पुरुष-नायकले जस्तै ।